बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७६ साल आषाढ महिनाको २२ गते बुधवारका दिन यस बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा विभिन्न विषयमा नगरपालिकाको चौंथो बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप – प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री डमनाथ कँडेल |
| ४, | वडा अध्यक्ष | वडा नं. (१) | श्री दुर्गा वहादुर बुढाथोकी |
| ५, | — ,, — | (२) | श्री मदन वहादुर राना |
| ६, | — ,, — | (३) | श्री चित्र वहादुर दर्नाई |
| ७, | — ,, — | (४) | श्री राम वहादुर गुरुङ |
| ८, | — ,, — | (५) | श्री इन्द्र वहादुर गुरुङ |
| ९, | — ,, — | (६) | श्री प्रकाश थापा |
| १०, | — ,, — | (७) | श्री लब्धिराम बस्नेत |
| ११, | — ,, — | (८) | श्री पवित्रा थापा राना |
| १२, | — ,, — | (९) | श्री खुशिजङ गुरुङ |
| १३, | — ,, — | (१०) | श्री गंगा वहादुर थापा |
| १४, | — ,, — | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| १६, | — ,, — | | श्री श्रीनाथ दुलाल |
| १७, | — ,, — | | श्री कल्पना थापा वोहरा |
| १८, | — ,, — | | श्री बुना कुमारी रिमाल (अनुपस्थिति) |
| १९, | — ,, — | | श्री विमला न्यौपाने अधिकारी |
| २०, | — ,, — | | श्री सुक माया गुरुङ |
| २१, | — ,, — | | श्री सुक माया घर्ति |
| २२, | — ,, — | | श्री मानिता परियार |

सहजकर्ता कर्मचारी :–

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४, | ना. सु. (सहायकस्तर पाँचौं) | श्री गोविन्द्र वहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ असार २२ गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
- आ.व २०७९।८० को नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिने सम्बन्धमा ।
- आर्थिक तथा विनियोजन विधेयक २०७९ लाई अन्तिम रुप दिने सम्बन्धमा ।
- वडास्तरीय योजनाहरुको सम्बन्धमा ।
- नगरपालिकास्तरीय योजनाहरुको सम्बन्धमा ।
- सशर्ततर्फका योजना तथा कार्यक्रम सम्बन्धमा ।
- चालुतर्फको व्यय अनुमान सम्बन्धमा ।
- नगरसभामा लैजाने निर्णयहरुको सम्बन्धमा ।
- रिठ्ठेबगर भकुण्डे चिती सडकको फरफारक सम्बन्धमा
- राष्टपति रनिङ शिल्ड प्रतियोगिता थप रकम
- नगर प्रमुखको तोक आदेश अनुसार बजेट विनियोजन सम्बर्न्धमा
- ल्याण्डफिल्ड साइटको सडक मर्मत सम्भार सम्बन्धमा (डोजर भाडा)
- आय ठेक्का सम्बन्धमा
- विविध
  - मनोनयन सम्बन्धमा
  - चिती सडकको लागि जग्गा भाडा सम्बन्धमा
  - तारजाली खरिद सम्बन्धमा ।
  - विपद्जन्य घटनाको सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

२०७९।०३।०८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २: नीति कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिने सम्बन्धमा**

एघारौं नगरसभा समक्ष पेश भएको आ.व.२०७९/८० को बार्षिक नीति तथा कार्यक्रम र बजेटका सम्बन्धमा आय अनुमान बजेट २ करोड बृद्धि गरी सोही वमोजिमको बजेट नगरसभा समक्ष स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ३ : आर्थिक विधेयक सम्बन्धमा ।**

एघारौं नगरसभा समक्ष पेश गरिएको बेसीशहर नगरपालिकाको आर्थिक विधेयक २०७९ लाई आवश्यक संशोधन गरी स्वीकृतिका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : विनियोजन विधेयक सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको विनियोजन विधेयक २०७९ लाई स्वीकृतिका लागि एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : आय व्यय विवरण सम्बन्धमा ।**

एघारौं नगरसभा समक्ष पेश गरिएको बेसीशहर नगरपालिकाको आ.व २०७७।७८ को यथार्थ आय, चालु आव २०७८।७९ को संशोधित आय तथा आ.व. २०७९।८० को अनुमानित आय व्यय विवरणलाई अन्तिम रुप दिई मिति २०७९/३/२४ गते बस्ने एघारौं नगरसभाको अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : आव २०७९/८० को योजना तथा कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आ.व. २०७९/८० को नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमहरु पारित गरी स्वीकृतिका लागि एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो । (अनुसूची १)

**निर्णय नं. ७ : आव २०७८/०७९ को सशर्ततर्फका कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आ.व. २०७९/८० को सशर्त तर्फका योजना तथा कार्यक्रमहरु प्राप्त भए वमोजिम नै पारित गरी स्वीकृतिका लागि एघारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो । (अनुसूची २)

**निर्णय नं. ८ : नगरसभामा लैजाने निर्णयहरुको सम्बन्धमा ।**

एघारौं नगरसभा समक्ष लैजाने निर्णयहरु तयार गरी पेश गर्न नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९ : रिठ्ठेबगर भकुण्डे चिती सडकको फरफारक सम्बन्धमा ।**

चालु आ.व. २०७८।७९ को प्रदेश शसर्ततर्फको बजेट रु. ७० लाखबाट रिठ्ठेबगर भुकुण्डे चिती सडकमा उपभोक्ता समितिमार्फत सडक निर्माण गर्ने क्रममा निर्माण गर्ने कुल लम्बाई मध्ये १९ मिटर सडक खण्डमा ढलान गर्ने क्रममा छड विछ्याउँदा एक छडबाट अर्को छडको दुरी इष्टिमेट/मापदण्डभन्दा बढी राखी ढलान भएको पाइएको र यस सम्बन्धमा उजुरी समेत परेको बारे कार्यपालिका बैठकमा छलफल हुँदा सडकको गुणस्तर केही घट्न गएको तर कार्य सम्पन्न भै सकेको हुँदा प्राविधिक मूल्यांकन पनि सोही वमोजिम घटाई उक्त योजना फरफारक गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० : राष्टपति रनिङ शिल्ड प्रतियोगिता थप रकम सम्बन्धमा ।**

चालु आ.व. को कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङशिल्ड खेलकुँद प्रतियोगता सञ्चालन गर्दा भएको खर्च विनियोजित बजेटबाट अपुग भएको हुँदा रु ८२,९५०।- (बयासी हजार नौ सय पचास मात्र) विविध खेलकुँद मेयरकप समेत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ११ : नगर प्रमुखको तोक आदेशका सम्बन्धमा ।**

नगरपालिकामा आकस्मिक रुपमा, विपद्जन्य घटनाको रुपमा तथा अपर्झट आइपर्ने विभिन्न योजना, कार्यक्रम तथा राहतजन्य सहयोगमा नगरप्रमुखको तोक आदेशबाट निर्णय गरी कार्यान्वयनमा लैजाने र नगरसभाबाट अनुमोदन गर्ने कार्यलाई साविक झैं निरन्तरता दिने र प्रति तोक आदेश बजेटको अधिकतम् सिमा २ लाखसम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : पहुँचमार्ग खुलाउने सम्बन्धमा ।**

नगरपालिकाको सेनेटरी ल्याण्ड फिल्ड साइट जाने सडकमा पहिरो आई सडक अवरुद्ध हुँदा फोहरमैला व्यवस्थापनमा कठिनाई उत्पन्न भएकोले चेन वाला जेसिवी भाडामा लिई सडक खुलाउने कार्य गरिएको र बेसीशहर नगरपालिका वडा नं १ उदिपुरमा पहिराले राजमार्गको मूल सडक नै बगाएको हुँदा सो सडक भन्दा पश्चिमतर्फ वैकल्पिक मार्गको स्तरोन्नति गर्दा ग्राभेल बोक्न ट्याक्टर प्रयोग गरिएकोले यी दुवै सडक खुलाउँदा भएको खर्च प्राविधिक मूल्यांकन तथा बील भपाई समेतको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३ : आय ठेक्का सम्बन्धमा ।**

**(क)** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को घ (४) अनुसार आगामी आर्थिक वर्ष २०७९।०८० देखि २०८१।०८२ सम्म ३ वर्षसम्मको लागि बेसीशहर नगरपालिका क्षेत्रभित्र उत्पादन भई अन्य स्थानहरुमा निकासी हुने जडीबुटी, कवाडी तथा जीवजन्तुहरुमा लगाइने निकासी कर उठाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ७ को अनुसूची ५ अनुसार न्यूनतम ठेक्का अंक रु. २,००,०००।- (दुई लाख) र थप २ आर्थिक वर्षको लागि प्रत्येक आ.व. मा न्यूनतम ठेक्का रकममा १०%का दरले रकम बृद्धि गरी ठेक्का प्रकृया सम्बन्धी आवश्यक काम कारबाही अघि बढाउने निर्णय गरियो ।

**(ख)** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ को अधिनमा रही बेसीशहर नगरपालिका वडा नं. ७ स्थित सहजी बसपार्कमा पार्किङ शुल्क उठाउने ~~कार्यका लागि बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा १२ को अनुसूची १० अनुसारको दररेट कायम गरी आगामी आर्थिक वर्ष २०७९।०८० देखि २०८१।०८२ सम्म ३ वर्षसम्मको लागि भ्याट वाहेक न्यूनतम ठेक्का अंक रु. २,००,०००।- (दुई लाख) र थप २ आर्थिक वर्षको लागि प्रत्येक आ.व.मा न्यूनतम ठेक्का रकममा १०%का दरले रकम बृद्धि हुने गरी~~ बेसीशहर नगरपालिका वडा नं. ७ स्थित श्री न्यू आदर्श यूवा क्लवलाई आवश्यक ब्यवस्थापन सहित ~~ठेक्काको~~ जिम्मेवारी दिने निर्णय गरियो ।

**(ग)** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को घ (१) तथा बेसीशहर नगरपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७९।०८० का लागि बेसीशहर नगरपालिका क्षेत्र भित्र राखिने विभिन्न प्रकारका प्रचार प्रसारका सामाग्रीहरुको कर (विज्ञापन कर) को शुल्क उठाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ९ को अनुसूची ७ अनुसारको दररेटहरु



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०३/२२ गतेको बैठक

निर्धारण गरी भ्याट वाहेक न्यूनतम ठेक्का रकम रु. २,५०,०००।- (दुई लाख पचास हजार) कायम गरी ठेक्का बन्दोबस्ती सम्बन्धी कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५ : मनोनयन सम्बन्धमा ।**

नगरपालिकामा कानून वमोजिम गठन भएका देहायका समितिहरुमा रिक्त सदस्य पदमा कार्यपालिका सदस्यहरुमध्येबाट देहाय अनुसार मनोनयन गर्ने निर्णय गरियो ।

देहाय

१.श्री सुकमाया गुरुङ, सदस्य-राजश्व परामर्श समिति

२.श्री कल्पना बोहरा, सदस्य-अपांग समन्वय समिति

**निर्णय नं. १६ : तारजाली खरिद सम्बन्धमा ।**

बर्षाको समयमा नीजि तथा सार्वजनिक संरचना संरक्षणको लागि तारजालीको माग अधिक रहेको हुँदा यस सम्बन्धमा स्वीकृत दररेट अनुसार बजारमा तारजाली उपलब्ध हुन नसकेको हुँदा बजार भाउ अनुसार नै तार जाली खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : सम्झौता नविकरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा न. ११ रिठ्ठेबगर बुढीकुवा तिलाहार सडकमा गत वर्ष मर्स्याङ्दी नदिको बाढीले सडक खण्ड नै लगेको हुँदा बैकल्पिक रुपमा अस्थायी बाटो खुलाउने क्रममा जग्गाधनीसंग गरिएको संभौताको सम्बन्धमा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी १ बर्ष थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८: विपद्जन्य घटनाको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ घर भई बस्ने अन्दाजी १२ बर्षका बुद्धि बहादुर तामाङ नाम गरेका बालक खेल्ने क्रममा वडा नं ८ ल्याण्डफिल्ड साइटमा विद्युत तारमा परी करेन्ट लागेर घाइते भएको हुँदा निजको उपचारको लागि रु ५० हजार राहत सहयोग उपलब्ध गराउने साथै अति विपन्न परिवार भएकोले घर छाउनको लागि ३ बण्डल जस्तापाता समेत उपलब्ध गराउने निर्णय गरियो ।

गुमान सिंह अर्याल

नगर प्रमुख